# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हेकुली, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

## नदिजन्य पदार्थको विक्रिका लागि वोलपत्र आव्हान सम्वन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः२०८०/१०/२३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(च) अनुसार दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने (स्वीकृत खानी क्षेत्र बाहेक) तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि उत्खनन् गरी प्रदेश कानुनले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७९/०८० को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलीपि संलग्न गरी तपसिल बमोजिमका शर्तको अधिनमा रही बोलपत्र प्रकृयामा विद्युतिय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिलः

**आन्तरिक आय ठेक्का विवरण**

| सूचना नं/ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिटमा) | आ.व.०८०/८१ को नदिजन्य पदार्थको विक्री शुल्क दर(घ.फी.) | आ.व.०८०/०८१को न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १०/DRM/NCB/२० ८०/०८१ | कुइरीगनार क्षेत्र | २३५४९४.०० | रु.८/- | १८,८३,९५२/- | कबोल अङ्कको ५% | रु.३००० |
| ११/DRM/NCB/२० ८०/०८१ | बारबदिया क्षेत्र (१) | ८३३६६.६४ | रु.८/- | ६,६६,९३३/१२ | | |
| १२/DRM/NCB/२० ८०/०८१ | बारबदिया क्षेत्र(२) | १०६६८६.७२ | रु.८/- | ८,५३,४९३/७६ | | |
| १४/DRM/NCB/२० ८०/०८१ | बबई र चिराघाटको दोभान(१) | ८३३६६.६४ | रु.८/- | ६,६६,९३३/१२ | | |
| १५/DRM/NCB/२० ८०/०८१ | बबई र चिराघाटको दोभान(२) | ७३०२९६.०० | रु.८/- | ५८,४२,३६८/- | | |
| १७/DRM/NCB/२० ८०/०८१ | सिमठाना बबइघाट (१) क्षेत्र | १४४०८३.५२ | रु.८/- | ११,५२,६६८/१६ | | |
| १९/DRM/NCB/२० ८०/०८१ | सिमठाना बबइघाट (३) क्षेत्र | ५३२५८६.८८ | रु.८/- | ४२,६०,६९५/०४ | | |
| २०/DRM/NCB/२० ८०/०८१ | थपगाउँ क्षेत्रमा | २४८७२४.०० | रु.८/- | १९,८९,७९२/- | | |
| २१/DRM/NCB/२० ८०/०८१ | माया दोभान क्षेत्र (१) | ८३३६६.६४ | रु.८/- | ६६६९३३/१२ | | |

**ठेक्का सम्बन्धि शर्तहरुः**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा कुमारी वैंक लिमिटेड दंगीशरण शाखाको यस कार्यालयको नामममा रहेको ग-१-१ आन्तरिक राजस्व खाता नं.२५२०२४७०५२०००००१० मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेस गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म विद्युतिय माध्यमबाट बोलपत्र पेस गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्वन्धि कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्नेछ ।

२. बोलपत्र सम्वन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कवोल गरेको ५% को दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा कुमारी बैंक लिमिटेड दंगीशरण शाखाको ग-३-धरौटी खाता नं. २५२०२४७०५२००००००३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त क बर्गको बाणिज्य बैंक यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड समेत निवेदन साथ पेश गर्नु पर्नेछ ।

डिलाराम पन्थी
प्रशासकीय अधिकृत

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप र फर्मको नाम,ठेगाना,कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम,ठेगाना,फोन नं.,मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:००बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्वन्धि कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेस गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निवको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिनको १:०० बजे दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली दाङमा हुनेछ । ईच्छुक बोलपत्रदाताले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलीपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धि फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी,रीत नपुगी वा शर्त सहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अङ्कको प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता बापतको ५०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा मिति २०८१ श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी(परफरमेन्स बन्ड) समेत पेस गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकीएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, सम्वन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।साथै यस कार्यालयबाट गरीएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

९. माथि उल्लेखित ठेक्काहरुको लागि रु.३०००। ( फिर्ता नहुने गरी ) बोलपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ ।

१०.ठेक्का अवधि सामान्यतया आ.व.२०८०/८१ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन ।

११. उत्खनन् स्थलबाट अनिवार्य रुपमा स्वीकृत परिमाणको नदिजन्य पदार्थ घाटगद्धि गरी प्रमाणित गराई विक्री गर्नु पर्नेछ। उत्खनन् स्थलमा उत्खनन् को क्रममा डोजर,स्काभेटर, लोडर जस्ता हेभी ईक्यूमेन्ट गाउँपालिकाको अनुमति वेगर प्रयोग गर्न पाईने छैन ।

१२.IEE प्रतिवेदनले निषेध गरेको अवधीमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।

१३.यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुंदाहरु यसै सूचनाका शर्त सरह लाहु हुनेछ ।

१४.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्र हरु मुल्याङ्कनमा समावेश गरिने छैन ।

१५.यस सूचना प्रकाशित गरेपछि लुम्विनी प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।

१६.अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत